# नौगाड गाउँपालिका दार्चुला

## गाउँ सभाको १९ औं अधिवेशनमा प्रस्तुत गरिएको

## आर्थिक वर्ष: २०८३।०८४ को

# बजेट वक्तव्य

२०८३ असार, १० बुधवार

**सभाध्यक्ष महोदय,**

**यस गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै आभारी छु ।**

यस गाउँपालिकाको दिगो विकास, समृद्धि र समग्र क्षेत्रको सन्तुलित विकासको लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकसित गाउँपालिका निर्माण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र समाजको अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सम्पूर्ण देशभक्त नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

साथै, सुशासन, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण, विधिको शासन तथा नागरिक अधिकारको पक्षमा पछिल्लो समय देशव्यापी रूपमा उठेका युवा नेतृत्वको नागरिक जागरण तथा Gen-z आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका सम्पूर्ण युवाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको योगदानलाई लोकतान्त्रिक चेतना, सुशासन र उत्तरदायी शासन व्यवस्थाको स्थापनाका लागि गरिएको महत्वपूर्ण बलिदानका रूपमा उच्च सम्मान व्यक्त गर्दछु। त्यसैगरी Gen-z आन्दोलनका क्रममा घाइते, पीडित तथा प्रभावित युवाहरूप्रति गहिरो सम्मान प्रकट गर्दछु।

आजको युवा पुस्ताले उठाएको सुशासन, पारदर्शिता, नैतिक नेतृत्व, योग्यताको सम्मान, सार्वजनिक उत्तरदायित्व, डिजिटल शासन तथा भ्रष्टाचारमुक्त राज्य व्यवस्थाको माग नेपाली समाजलाई थप सचेत, उत्तरदायी र लोकतान्त्रिक बनाउने सकारात्मक शक्ति हो भन्ने हाम्रो विश्वास रहेको छ। लोकतन्त्रको वास्तविक सार नागरिकको आवाजप्रति सम्मान, सार्वजनिक संस्थाप्रति विश्वास र जवाफदेही शासन व्यवस्थामा निहित रहेको आभास गरेका छु।

बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा गाउँपालिका भित्र, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका नौगाडबासी एवं सबै शुभ चिन्तकहरूले नौगाड गाउँपालिकाको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औ आवाधिक योजना,दिगो विकासका लक्ष्य, सुदूरपश्चिम प्रदेशको दोस्रो आवधिक योजना, नौगाड गाउँपालिकाको मध्यमकालिन खर्च संरचना लगायत संघीय तथा प्रदेश कानूनहरू, गाउँपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधिहरू, गाउँपालिकाको प्रथम एकीकृत विकास योजनाले लिएका सोच, उद्देश्य लक्ष्य, नीति तथा प्राथमिकताहरू, विषयगत समितिका सुझाव, विकासका समसामयिक मुद्दाहरू र विज्ञहरूका सुझाव, परामर्श र सर्वपक्षीय/सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका उद्देश्य तथा प्राथमिकका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु ।

**"स्थानीय दिगो विकासमा जोड, समृद्ध पालिका बनाउने हाम्रो अठोट"** भन्ने मूल नारालाई आत्मसात गर्दै उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको अधिकतम परिचालन गरी समृद्ध नौगाड र सुखी नौगाडबासी निर्माणका लागि देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् ।

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य, LGPAS का सूचकहरू अनुरूप समावेशी, दिगो र परिणाममुखी स्थानीय विकास सुनिश्चित गर्नु।
- उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि गरी आत्मनिर्भर तथा समृद्ध नौगाड गाउँपालिका निर्माण गर्नु।
- **"समृद्ध नौगाड, सुखी नौगाडबासी"** को दीर्घकालीन लक्ष्य हासिलका लागि आधारशिला तयार पार्नु।
- कृषि, पशुपन्छी, फलफूल तथा जडीबुटी उत्पादनमा आधुनिकीकरण, व्यावसायीकरण र मूल्य शृङ्खला विकास गरी खाद्य तथा पोषण सुरक्षासहित आयआर्जन अभिवृद्धि गर्नु।
- स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र उद्यमशीलताको विकासमार्फत स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउनु।

- धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा ग्रामीण पर्यटनको प्रवर्द्धन गरी स्थानीय अर्थतन्त्र सुदृढ बनाउनु।
- सहकारी तथा वित्तीय पहुँच विस्तार गरी उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नु तथा स्थानीय आर्थिक गतिविधि विस्तार गर्नु।
- गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा रोजगारमुखी शिक्षाको पहुँच विस्तार गरी दक्ष, सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु।
- आधारभूत अस्पताल तथा स्वास्थ्य संस्थाहरूको सेवा सुदृढीकरण गरी गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चित गर्नु।
- सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई प्रभावकारी बनाउँदै जनस्वास्थ्यमा सुधार ल्याउनु।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको संरक्षण, सशक्तीकरण र सहभागिता अभिवृद्धि गर्नु।
- युवा तथा खेलकुद क्षेत्रको विकासमार्फत नेतृत्व क्षमता, अनुशासन, सिर्जनशीलता र सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्नु।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्याय सुनिश्चित गरी समतामूलक समाज निर्माण गर्नु।
- महिला, दलित, विपन्न तथा पिछडिएका समुदायको विकासको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।
- स्थानीय भाषा, कला, संस्कृति, परम्परा, चाडपर्व तथा सामाजिक सद्भावको संरक्षण र प्रवर्द्धन गर्नु।
- सबै वडाको सन्तुलित विकास सुनिश्चित हुने गरी सडक, पुल तथा यातायात पूर्वाधारको विस्तार र स्तरोन्नति गर्नु।
- सार्वजनिक भवन, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य पूर्वाधारहरूको दिगो निर्माण तथा व्यवस्थापन गर्नु।
- विद्युत, वैकल्पिक ऊर्जा तथा विद्युतीकरण सेवाको पहुँच विस्तार गरी उत्पादनशील उपयोगलाई प्रवर्द्धन गर्नु।

- सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी डिजिटल सेवा प्रवाह तथा स्मार्ट स्थानीय शासन प्रणाली विकास गर्नु।
- वन, जैविक विविधता, जलाधार तथा प्राकृतिक स्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो उपयोग सुनिश्चित गर्नु।
- जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा पुनःस्थापनाको संस्थागत क्षमता अभिवृद्धि गर्नु।
- जलस्रोत, नदी प्रणाली तथा प्राकृतिक सम्पदाको संरक्षण गर्दै दिगो उपयोगमार्फत स्थानीय समृद्धिमा योगदान पुऱ्याउनु।
- पारदर्शी, जवाफदेही, भ्रष्टाचारमुक्त, नागरिकमैत्री तथा प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्नु।
- संस्थागत क्षमता विकास, आन्तरिक राजस्व परिचालन, जनसहभागिता, सामाजिक उत्तरदायित्व तथा सुशासन अभिवृद्धि गरी प्रभावकारी स्थानीय शासन प्रणाली स्थापना गर्नु।

**सभाध्यक्ष महोदय**

म गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्न चाहन्छु ।

१. गाउँपालिकाको आफ्नै आम्दानी सीमित भएकाले संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा अत्याधिक निर्भरता कायम रहनु ।

२. संघीय सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलनमा आएको न्यूनता र स्थानीय सरकारको सीमित राजश्वका स्रोतहरु, गाउँपालिकाको न्यून राजस्व परिचालन क्षमता र संघीय तथा प्रदेश सरकार अनुदानमा निर्भरताका कारण गाउँपालिकाको स्रोतमा कमी हुँदा गाउँपालिकाको समग्र स्रोत व्यवस्थापन र सन्तुलनलाई व्यवस्थापन गर्नु ।

३. गाउँपालिका तथा वडागत योजना तथा कार्यक्रमहरूको पूर्वतयारी र प्राथमिकीकरण, विनियोजन, कुशलता, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा व्यवस्थित, सन्तुलित र समन्यायिक बनाउनु ।

४. गाउँपालिका गौरवका र रणनीतिक महत्त्वका आयोजना घोषणा, स्थानीय आर्थिक स्थितिमा सुधार ल्याउने खालका कार्यक्रम तर्जुमा गरी स्रोत तथा साधनको परिचालन गरी समग्र स्थितिमा सुधार गर्नु।

५. संघ र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरणको प्रभावकारी कार्यान्वयन गर्नु ।

६. गाउँपालिकाको स्रोत आकलन र व्यय अनुमान वैज्ञानिक तथा समय सापेक्ष बनाउनु ।

७. गाउँपालिकाको बजेटमा वास्तविक जनसहभागिता बृद्धि गरी स्थानीय स्रोतको परिचालन गर्नु।

८. विकट भूगोल, सडक पहुँचको कमी तथा प्राकृतिक विपद्का कारण बजेट कार्यान्वयन लागत बढ्नु र समयमै सम्पन्न गर्न कठिनाइ हुनु।

९. कार्यसम्पादन सूचकमा आधारित बजेट योजना, अभिलेखीकरण र प्रतिवेदन प्रणाली पूर्ण रूपमा संस्थागत हुन नसक्नु।

१०. गाउँपालिकाको प्रथम एकिकृत आवधिक विकास योजनाले अङ्गिकार गरेको नीति तथा प्राथमिकता बमोजिम बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।०८४ का बजेटका प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. सामाजिक विकास क्षेत्र,

२. आर्थिक विकास क्षेत्र,

३. पूर्वाधार विकास क्षेत्र,

४. वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

**सभाध्यक्ष महोदय,**

**अब आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. स्थानीय कृषि उत्पादन, उत्पादकत्व तथा व्यवसायीकरण वृद्धि गर्ने।

२. स्थानीय उद्यमशीलता प्रवर्द्धन, स्वरोजगार तथा रोजगारी सृजना गर्ने।

३. स्थानीय आर्थिक विकास तथा आयआर्जन अभिवृद्धि गर्ने।

४. गाउँपालिकाको आन्तरिक राजस्व आधार विस्तार तथा राजस्व सङ्कलन वृद्धि गर्ने।

५. गुणस्तरीय तथा समावेशी शिक्षामा पहुँच विस्तार गर्ने।

६. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने।

७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सशक्तीकरण गर्ने।

८. भाषा, धर्म, संस्कृति, कला, परम्परा तथा सामाजिक सद्भावको संरक्षण र प्रवर्द्धन गर्ने।

९. स्थानीय सडक, पुल तथा यातायात पूर्वाधारको विकास र स्तरोन्नति गर्ने।

१०. सुरक्षित तथा स्वच्छ खानेपानी र सरसफाइ सेवाको पहुँच विस्तार गर्ने।

११. दिगो, भरपर्दो तथा पहुँचयोग्य ऊर्जा तथा विद्युत् सेवाको विकास गर्ने।

१२. सूचना, सञ्चार तथा डिजिटल पूर्वाधारको विस्तार गरी सेवा पहुँच अभिवृद्धि गर्ने।

१३. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने।

१४. भूमि, प्राकृतिक स्रोत तथा वातावरणको दिगो उपयोग प्रवर्द्धन गर्ने।

१५. जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने।

१६. वातावरण संरक्षण, सरसफाइ तथा हरित विकासलाई प्रवर्द्धन गर्ने।

१७. सेवा प्रवाहलाई छिटो, सहज, प्रविधिमैत्री तथा प्रभावकारी बनाउने।

१८. पारदर्शिता, जवाफदेहिता तथा सार्वजनिक वित्तीय सुशासन सुदृढ गर्ने।

१९. संस्थागत क्षमता विकास तथा जनशक्ति व्यवस्थापनलाई सुदृढ गर्ने।

२०. सहभागितामूलक योजना तर्जुमा, सामाजिक समावेशीकरण तथा नागरिक सहभागिता अभिवृद्धि गर्ने।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१।०८२ को यथार्थ र चालु आर्थिक वर्षको संशोधित अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८१।०८२ मा संघीय समानिकरण, सशर्त , विशेष र समपुरक अनुदान, प्रदेश समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान र आन्तरिक श्रोत गरी जम्मा रू. ३७ करोड ७३ लाख ८८ हजार ३ सय ६० रुपैयाँ वास्तविक आम्दानी भएको थियो । त्यसै गरी कूल खर्च मध्ये चालु खर्च तर्फ रू. २८ करोड ४३ लाख ८० हजार ४ सय ७४ रूपैया ५४ पैसा र पुँजीगत खर्च तर्फ रू. ८ करोड ३६ लाख १ हजार ५८ रूपैया गरी जम्मा खर्च रू. ३६ करोड ७९ लाख ८१ हजार ९ सय ३२ रूपैया ५४ पैसा यथार्थ खर्च भएको छ ।

त्यसैगरी चालु आर्थिक वर्ष २०८२।८३ मा संघीय समानिकरण, सशर्त, विशेष र समपुरक अनुदान, प्रदेश समानिकरण, सशर्त, विशेष र समपुरक र आन्तरिक श्रोत गरी रु. ४५ करोड ०२ लाख ९६ हजार आय अनुमान गरिएकोमा यो बजेट तयार पार्दासम्म विभिन्न अख्तियारीहरूको समेतका आधारमा संशोधित आय अनुमान रू. ४१ करोड २७ लाख ४ हजार ६ सय ८९ रूपैयाँ ६८ पैसा रहेको छ । त्यसैगरी चालु खर्च तर्फ रू. ३२ करोड ५ लाख ८२ हजार ५ सय ५० रूपैया र पुँजीगत खर्च तर्फ रू. १२ करोड ९७ लाख १३ हजार ४ सय ५० रूपैयाँ संशोधित अनुमान रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

- आगामी आर्थिक वर्ष २०८३।०८४ मा संघीय सरकार समानिकरण अनुदान तर्फ १० करोड ५१ लाख, संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रू. ९ करोड ४८ लाख २२ हजार, संघीय समपुरक अनुदान रु. २ करोड १३ लाख, संघीय विशेष अनुदान १ करोड ८० लाख, संघीय सरकार सशर्त चालु अनुदान तर्फ १८ करोड ५७ लाख, संघीय सरकार शसर्त पुँजीगत अनुदान ६९ लाख गरी संघीय सरकारबाट जम्मा रू. ४३ करोड १८ लाख २२ हजार रुपैया आय अनुमान गरेको छु ।
- यसैगरी प्रदेश सरकारतर्फबाट समानीकरण अनुदान तर्फ रु. ९९ लाख ४० हजार, प्रदेश राजस्व बाँडफाँड तर्फ रु. २५ लाख ७२ हजार प्रदेश समपूरक अनुदान रु. ८६ लाख ६४ हजार, प्रदेश विशेष अनुदान रु. ५१ लाख , प्रदेश सशर्त पँजीगत अनुदान तर्फ रु. ५ करोड ९० लाख, गरी प्रदेश सरकारबाट जम्मा रू. ८ करोड ५२ लाख ७६ हजार रुपैयाँ आय अनुमान गरेको छु ।
- त्यसैगरी यस नौगाड गाउँपालिकाको आन्तरिक राजस्वतर्फ र चालु आर्थिक वर्ष २०८२।८३ मा बैंक नगद मौज्दात अल्या हुन सक्ने रकम गरी जम्मा रू. १ करोड अनुमान गरी आर्थिक वर्ष २०८३।०८४ मा गाउँपालिकाको कूल आय बजेट रू. ५२ करोड ७० लाख ९८ हजार आय अनुमान गरेको छु ।
- आगामी आर्थिक वर्ष २०८३।०८४ मा चालु तर्फ रु. ३३ करोड ६० लाख २२ हजार कुल बजेटको चालु तर्फ ६३ दशमलव ७५ प्रतिशत र पुँजीगत तर्फ रु. १९ करोड १० लाख ७६ हजार रुपैया पँजीगत तर्फ ३६ दशमलव २५ प्रतिशत गरी कुल रु. ५२ करोड ७० लाख ९८ हजार कुल बजेटको व्यय अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्षको २०८३।०८३ को क्षेत्रगत व्यय अनुमान विवरण प्रस्तुत गर्दछु ।

**आर्थिक विकास क्षेत्र**

१. कृषि विकास क्षेत्र कृषि विकास, कृषिमा आधुनिकिकरण र कृषि यान्त्रिकरण र कृषि विकासका लागि रु. ७० लाख रुपैयाँ विनियोजन गरेको छ ।

२. पशुपन्छी विकास तर्फ रु. १९ लाख हजार रकम विनियोजन गरेको छ ।

३. उद्योग तथा व्यवसाय प्रवर्द्धन क्षेत्रको विकासका लागि रु. २२ लाख विनियोजन गरेको छ ।

४. पर्यटन क्षेत्रको विकासका लागि रु. २ करोड लाख, सहकारी तर्फ रु. ७ लाख ८० हजार रकम विनियोजन गरेको छ ।

५. जलस्रोत व्यवस्थापन तथा सिँचाई विस्तारका लागि रु. ७५ लाख रकम विनियोजन गरेको छ।

६. भूमि व्यवस्था तर्फ रु. ५५ लाख रकम विनियोजन गरेको छ ।

७. उत्पादन र उद्यमशीलता मार्फत स्थानीय रोजगारी सिर्जना र रोजगारी क्षेत्रका लागि रु. ४२ लाख रकम विनियोजन गरेको छ ।

समग्रमा आर्थिक विकास क्षेत्रमा रु. ४ करोड ९० लाख ८० हजार विनियोजन गरेको

**सामाजिक विकास क्षेत्र**

**१. शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य**

- सामुदायिक विद्यालयका शिक्षकहरुका लागि तलब भत्ता लगायत अन्य सेवा सुविधाका लागि रु. ८ करोड ४६ लाख रकम विनियोजन गरेको छ ।
- विद्यालय शिक्षा क्षेत्र योजनाका लागि रु. ५ करोड २३ लाख रकम विनियोजन गरेको छ ।
- गाउँपालिका अनुदान शिक्षक कोटामा कार्यरत शिक्षक, विद्यालय कर्मचारी, बाल विकास तथा विद्यालयका कार्यालय सहयोगीहरू तलब भत्ता र विद्यालय कर्मचारी, बाल विकास र विद्यालयका कार्यालय सहयोगीहरूको गाउँपालिका म्याचिङ फन्डका लागि रु. २ करोड ६१ लाख २५ हजार रकम विनियोजन गरेको छ ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर विकासका लागि सेवा गुणस्तर अभिबृद्धि कार्यक्रमका लागि रु. १ करोड ८० लाख विनियोजन गरेको छ ।

- स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास कार्यक्रमका लागि रु. ३३ लाख रकम विनियोजन गरेको छु ।
- भूमिराज माद्यमिक विद्यालय इयरकोटको दुई कोठे भवन निर्माणका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।
- शैक्षिक विकासका लागि सेवा गुणस्तर अभिबृद्धि गर्न (शौचालय र घेरबार) निर्माण २५ लाख ५० हजार विनियोजन गरेको छु ।
- जनहित माध्यमिक विद्यालय धुलिगडाको ICT कार्यक्रमका लागि रु. २५ लाख रकम विनियोजन गरेको छु ।
- ताराकोट भवानी आधारभूत विद्यालय नौगाड-३, जामिरको विद्यालय भवन निर्माणका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।
- भूमिराज आधारभूत विद्यालय नौगाड-६ विद्यालय भवन निर्माणका लागि रु. १६ लाख बजेट विनियोजन गरेको छु ।
- समैजी माध्यमिक विद्यालय नौगाड-५, सौकेबगडका लागि जग्गा खरिद गर्न रु. ११ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- गणेश विनायक मा.वि. विद्यालय घेरबार निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु।
- जनहित माध्यमिक विद्यालयको शौचालय निर्माण र विद्यालय भवन मर्मतका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- समैजी माध्यमिक विद्यालयको भवन निर्माण योजनाको माचिङ फन्डका लागि रु. १० लाख विनियोजन गरेको छु ।
- भूमिराज आधारभूत विद्यालय नौगाड-५, धौलोटको भवन निर्माणका लागि रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- लटिनाथ माध्यमिक विद्यालय खारको कक्षाकोठा मर्मत सम्भारका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।
- नौगाड गाउँपालिकाका सामुदायिक विद्यालयहरूको परीक्षा प्रणालीमा सुधार गर्न तथा कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- मालिकार्जुन आधारभूत विद्यालयको घेरपर्खाल निर्माण रु. ३ लाख रकम विनियोजन गरेको छु ।

- ❖ सामुदायिक विद्यालयहरुको कक्षाकोठा तथा भवन मर्मतका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- ❖ विद्यालय शिक्षा, दिवा खाजा कार्यक्रम विद्यालय पोषण लगायतका कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- ❖ स्थानीय भाषा, कला र संस्कृति संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

समग्र शिक्षा तथा विज्ञान भाषा, कला र संस्कृति क्षेत्रको विकासका लागि रु.२१ करोड १६ लाख २५ हजार रकम विनियोजन गरेको छ।

## २. आधारभूत स्वास्थ्य सेवा तथा पोषण क्षेत्र

- ❖ प्राथमिक स्वास्थ्य सेवा सञ्चालन तथा सुदृढीकरणका स्थायी स्वास्थ्यकर्मीहरुका लागि रु. १ करोड ८६ लाख रकम विनियोजन गरेको छ ।
- ❖ नौगाड आधारभूत अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधिका र आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन र आधारभूत तथा औषधी खरिद लगायत अन्य प्रशासनिक खर्चका लागि  खर्च रु. १ करोड ७० लाख रकम विनियोजन गरेको छ ।
- ❖ स्वास्थ्य क्षेत्र सुधार परियोजना अन्तर्गत करारमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि रु. १ करोड बजेट विनियोजन गरेको छ ।
- ❖ नौगाड आधारभूत अस्पतालको गेटसहितको घेरबार, रेम्प र लास घर निर्माणको लागि रु. ९६ लाख ३० हजार रुपैया विनियोजन गरेको छ ।
- ❖ परिवार कल्णाण कार्यक्रम आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त सञ्चार न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार लगायतका अन्य कार्यक्रमका लागि रु. ३६ लाख रकम विनियोजन गरेको छ ।
- ❖ सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधार आयआर्जन सुधार बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि रु. ३० लाख रकम विनियोजन गरेको छ ।
- ❖ स्वास्थ्य चौकी, आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य डकाइहरूमा वर्ष भरि निःशुल्क भनी तोकिएका औषधी उपलब्धता सुनिश्चित गरिनेछ । निःशुल्क तथा सः शुल्क औषधि खरिदका लागि र. २० लाख बजेट विनियोजन गरेको छ ।

- होपरी सामुदायिक स्वास्थ्य केन्द्र नौगाड-४ होपरीको भवन निर्माणको थप कामका लागि रु. १२ लाख रकम बजेट विनियोजन गरेको छ ।
- नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा विभिन्न अभियानहरूका लागि रु. १० लाख विनियोजन गरेको छ ।
- आधारभूत अस्पताल मार्फत सञ्चालन भएको एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइनेछ एम्बुलेन्स सेवा सञ्चालन र व्यवस्थापनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छ ।
- घोरकट्या खोपकेन्द्र नौगाड-३ घोरकट्याको क्रमागत योजना अन्तर्गत भवन निर्माणका लागि रु. ८ लाख रकम विनियोजन गरेको छ ।
- स्थानीय अस्पतालमा उपचार हुन नसकी प्रेषण गरिएका जेष्ठ नागरिक र गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।
- सुनौला हजार दिनका विपन्न दलित महिलाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन **"सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम"** सञ्चालनका लागि आवश्यक विनियोजन गरेको छ ।
- स्वास्थ्य संस्था, आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य केन्द्रमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रदान गरिनेछ । स्वास्थ्य कर्मी तथा जनशक्ति व्यवस्थापनका आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

समग्रमा आधारभूत स्वास्थ्य सेवा प्रवाह तथा पोषणको अवस्थामा सुधारका लागि बजेट रु. ७ करोड २१ लाख ३० हजार विनियोजन गरेको छ ।

**३. महिला, बालबालिका तथा लक्षित वर्ग र लैङ्गिक समानता तथा समावेशीकरण सामाजिक सुरक्षा तथा संरक्षण क्षेत्र**

- मानव विकास सुचाङ्कमा पछाडी परेका महिलाहरुका लागि जीविकोपार्जन सुधार कार्यक्रमका लागी रु. ९ लाख बजेट विनियोजन गरेको छ ।
- विपन्न दलित लक्षित कार्यक्रम लागि रु. ५ लाख बजेट विनियोजन गरेको छ ।
- गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका असहाय टुहुरा बालबालिकाहरूलाई विद्यालय शिक्षा हासिल गर्दा सम्म निश्चित आर्थिक सहयोगका लागि रु. ५ लाख रकम

- ❖ वडा कार्यालयहरूबाट पनि सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको जैविक विवरण सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाइले लाभग्राहीको जैविक सङ्कलन उपकरण खरिद लागि रु. ३ लाख विनियोजन गरेको छु ।
- ❖ बाल हिंसा, बाल विवाह, महिला हिंसा र सामाजिक कुरीति विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ एक महिला र एकल पुरुषहरूलाई दिईँदै आएको भक्ता कार्यक्रमलाई निरन्तरता दिँदै भत्ता वितरणका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।
- ❖ महिलाहरूको नेतृत्व तथा क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ❖ बाल दिवस, अपाङ्ग दिवस, नारी दिवस र जेष्ठ नागरिक दिवस मनाउन आवश्क बजेट वियोजन गरेको छु ।

महिला, बालबालिका तथा लक्षित वर्ग र लैङ्गिक समानता तथा समावेशीकरण क्षेत्रमा ३७ लाख बजेट विनियोजन गरेको छु ।

## ४. युवा तथा खेलकुद क्षेत्र

- ❖ सिप्टी बहुउद्देश्यीय रङ्गशाला नौगाड-४, सिप्टी निर्माणका लागि आवश्यक जग्गा खरिद प्रक्रिया अगाडि बढाउनका लागि रु. ७० लाख रकम विनियोजन गरेको छ ।
- ❖ जिल्ला तथा पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड सञ्चालन तथा व्यवस्थापनका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु
- ❖ खेडा खेल मैदान निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।
- ❖ अध्यक्ष रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि रु. २ लाख रकम विनियोजन गरेको छु ।
- ❖ समग्र युवा तथा खेलकुद क्षेत्रको विकासका लागि रु. ५७ लाख बजेट विनियोजन गरेको छु।

## ५. खानेपानी तथा सरसफाइ क्षेत्र

- ❖ पालिका भरीका जनताको स्वच्छ खानेपानीमा पहुँच विस्तार र खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्न LACCP परियोजन र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिने विभिन्न खानेपानी आयोजनाहरुको गाउँपालिका अंशका आवश्यक बजेट विनियोजन गरेको छु ।

- पालिका भित्र रहेका निर्माण सम्पन्न तथा अधुरा खानेपानी आयोजना सम्पन्न गर्न, स्तरोउन्नत्ति गर्न र मर्मत सम्भार गर्न खानेपानी तथा सरसफाइ इकाइले कार्यान्वयन गर्ने गरी रु. ४ लाख बजेट विनियोजन गरेको छु ।

समग्रमा सामाजिक विकास क्षेत्र तर्फ रू. २९ करोड ४५ लाख ५५ हजार विनियोजन गरेको छु ।

**भौतिक पूर्वाधार विकास क्षेत्रतर्फ**

**१. भवन, आवास तथा सहरी विकास क्षेत्र**

- डाँडाबाग बहुउद्देश्यिय कृषक समुह नौगाड-२ दल्लेखको भवन निर्माणका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।
- नागेश्वर धाम नौगाड-१ नागुको व्यवस्थापनका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु।

पालिका भित्रका विभिन्न भवन आवास तथा सहरी विकासका लागि एकमुष्ट रु. ३१ लाख रकम विनियोजन गरेको

**२. सडक पुल तथा यातायात पूर्वाधार क्षेत्र**

- वडा नं. १ इयरकोटलाई आगामी आ.व. २०८३।०८४ भित्र सडक सञ्जाल जोड्न जामिर साङपाङ इयरकोट सडक निर्माणका बहुवर्षीय आयोजनाका लागि रु. १ करोड ३१ लाख २५ हजार रकम विनियोजन गरेको छु ।
- सिप्टी भिड कठेरवन सडक निर्माण बहुवर्षीय आयोजनाका लागि रु. ६० लाख रकम विनियोजन गरेको छु ।
- खेडा धुलिगडा एगरभगे सडक निर्माण बहुवर्षीय आयोजनाका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु ।
- दल्लेख गोधानी देउलाड सडक बहुवर्षीय आयोजनाका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।
- सुकेखोला पनढुङ्गा गडिगाड सडक निर्माण बहुवर्षीय आयोजनाका लागि रु. ६० लाख रकम विनियोजन गरेको छु ।
- मलान रैचु सडक आयोजनका लागि रु. ३० लाख रकम विनियोजन गरेको छु ।

- गोगने थुम्का डाँडा देखि काफल गैरासम्म रेलिङसहितको पिसिसि बाटो निर्माणका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।
- पिनातोलि देखि गोधानी सम्म घोरेटो बाटो निर्माणका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।
- डाँडा जामिर देखि आधारभूत अस्पताल सम्म घोरेटो बाटो निर्माणका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।
- जेबलधार डाँडा पिसिसि रेलिङ बाटो नौगाड-६ का लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।
- थाङलिङ देखि गुन्धारी सम्म घोरेटो बाटो निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु।
- होपरी विद्यालय देखि कपडे बगड सम्म घोरेटो बाटो निर्माणका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।
- सिमार देखि गुन्ढाडु सम्म पिसिसि रेलिङ बाटो निर्माणका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।
- वर्षातको समयमा बन्द हुने र पहिरो आई अवरोध हुने पालिका भित्रका पक्की तथा कच्ची सडकहरूलाई मर्मत सम्भारका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।
- होपरी घोरकट्या जामिर सडक निर्माण बहुवर्षीय आयोजनाका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।
- दल्लेख तरकारी पकेट क्षेत्रमा बाटो सञ्जाल निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।
- इयरकोट धार देखि हरिचन्द्र मन्दिर सम्म पिसिपि बाटो निर्माणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु ।

समग्रमा सडक पुल, यातायात पूर्वाधार निर्माण तथा विकासका लागि रु. ५ करोड ५१ लाख २५ हजार रकम विनियोजन गरेको छु।

## ३. जलस्रोत विद्युत तथा स्वच्छ उर्जा क्षेत्र

- ❖ पालिकाबासीको जलस्रोत विद्युत तथा स्वच्छ उर्जामा पहुँच विस्तार तथा विकासका लागि रु. २४ लाख रकम विनियोजन गरेको छु ।

**४. सूचना तथा सञ्चार प्रविधि क्षेत्र**

- ❖ सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा पालिकाबासीको पहुँच विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

समग्रमा भौतिक पूर्वाधार विकास क्षेत्रमा रु. ६ करोड १० लाख २५ हजार रकम विनियोजन गरेको छु ।

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ**

**१. वन, हरियाली प्रवर्द्धन क्षेत्र**

- ❖ हरियाली प्रवर्द्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. वातावरण संरक्षण क्षेत्र**

- ❖ वन तथा वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनका लागि सञ्चालन हुने कार्यक्रम/आयोजना/क्रियाकलापहरूमा गर्नुपर्ने लागत साझेदारीका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**३. जलवायु परिवर्तन स्थानीय अनुकूलन तथा विपद् व्यवस्थापन क्षेत्र**

- ❖ फिनल्याण्ड सरकार, युरोपियन युनियन, नेपाल सरकार र गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा **चालु आ.व. बाट सञ्चालनमा आएको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP)** अन्तर्गतका विपद् व्यवस्थापन एवं स्थानीय जलवायु परिवर्तनको असरलाई गर्न कार्यक्रम/आयोजना/क्रियाकलापहरूमा गर्नुपर्ने लागत साझेदारीका लागि आवश्यक रकम रु. ५० लाख विनियोजन गरेको छु ।
- ❖ आगलागि, प्राकृतिक प्रकोप, विपद् व्यवस्थापनका लागि एकमुष्ट लागि रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।

जलवायु परिवर्तन स्थानीय अनुकुलन तथा विपद् व्यवस्थापन क्षेत्रका लागि रु. ८५ लाख रकम विनियोजन गरेको छु ।

समग्रमा वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रका लागि रु. ८५ लाख रकम विनियोजन गरेको छु ।

**संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र**

**१. कानुन, न्याय तथा सुशासन अन्तर सम्बन्धित क्षेत्र**

- स्थानीय शासन प्रणाली सुधारका लागि रु. ५५ लाख बजेट विनियोजन गरेको छु।
- कानून तथा न्याय तर्फ रु. १० लाख बजेट विनियोजन गरेको

  प्रशासकीय सुशासन तर्फ रु. ८९ लाख बजेट विनियोजन गरेको छु ।

**२. संगठन मानव संशाधन तथा सेवा प्रवाह क्षेत्र**

- कार्यालय सञ्चालन, सेवा प्रवाह, सेवा सुदृढिकरण तथा प्रशासनिक खर्चका लागि रु. ५ करोड १२ लाख ५० हजार रकम विनियोजन गरेको छु

**३. राजस्व तथा स्रोत परिचलान क्षेत्र**

- SuTRA रेभिन्यु मोड्युल पूर्ण प्रयोग, QR,LLRP,Connect IPS बाट कर संकलन, राजश्व सङ्कलन सम्बन्धि क्षमता अभिबृद्धि तालिम रु. २ लाख रकम विनियोजन गरेको छु ।

**४. तथ्याङ्क योजना तथा विकास व्यवस्थापन**

- तथ्याङ्क योजना तथा विकास व्यवस्थापन क्षेत्रका लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

समग्र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा रु. ६ करोड १३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**अब म वडागत बजेटको संक्षिप्त चालु र पुँजीगत खर्चको व्यय अनुमान प्रस्तुत गर्दछु ।**

६ वटै वडा कार्यालय तथा मातहतका कार्यालयहरूको कार्यालय सञ्चालन, व्यवस्थापन तथा सेवा सुदृढीकरणका लागि वडागत चालु खर्च र वडास्तरीय विकास योजना सञ्चालन गर्न पुँजीगत खर्च गरी एकमुष्ट २ करोड रकम विनियोजन गरेको छु ।

६ वटै वडाका चालु खर्च र वडागत विकास योजनाहरू सञ्चालनका लागि तोकिएको बजेट सीमा भित्र रहेर वडा समितिको सिफारिस तथा प्राथमिकता बमोजिम विकास योजना तथा आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । सो विनियोजन बजेटलाई जनसंख्या र भौगोलिक विकटका र आन्तरिक आयका आधारमा देहाय अनुसार वडागत रूपमा बजेट बाँडफाँट गरी वियोजन गरेको छु ।

**वडागत चालु र पुँजीगत बजेट विवरण**

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. १ को लागि रु. ३८ लाख विनियोजन गरेको छु ।

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. २ को लागि रु. ३० लाख रकम विनियोजन गरेको छु ।

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. ३ को लागि रु. २८ लाख रकम विनियोजन गरेको छु ।

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. ४ को लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. ५ को लागि रु. २२ लाख रकम विनियोजन गरेको छु ।

वडा भित्रका रहेका पालिका मातहतका कार्यालय र वडा कार्यालयको प्रशासनिक खर्च र वडास्तरीय आयोजना सञ्चालन लागि चालु र पुँजीगत खर्च तर्फ वडा नं. ६ को लागि रु.४२ लाख रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी, पारदर्शी, उत्तरदायी र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न वार्षिक खरिद योजना तथा विस्तृत कार्यान्वयन कार्यतालिका तयार गरी त्रैमासिक लक्ष्यका आधारमा योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाएको छु। विकास निर्माणका कार्यहरूलाई समयमै सम्पन्न गरी नागरिकले प्रत्यक्ष रूपमा उपलब्धि अनुभूति गर्न सकून् भन्ने उद्देश्यले कार्यान्वयन पक्षलाई विशेष प्राथमिकता दिइएको छ।

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरूको तयारी समयमै सम्पन्न गरी कार्तिक मसान्तभित्र ठेक्का सम्झौता सम्पन्न गरिने व्यवस्था गरिएको छ। त्यसैगरी श्रम सहकारी तथा उपभोक्ता समितिहरूको दर्ता तथा नवीकरण कार्य भदौ मसान्तभित्र सम्पन्न गरी असोज मसान्तभित्र योजना तथा कार्यक्रमहरूको सम्झौता सम्पन्न गरिनेछ, जसले विकास आयोजनाहरूको कार्यान्वयनलाई थप व्यवस्थित, प्रभावकारी र समयबद्ध बनाउने विश्वास लिएको छु।

गाउँपालिका तथा वडा स्तरबाट सञ्चालन गरिने सम्पूर्ण योजना तथा आयोजनाहरू चैत्र मसान्तभित्र सम्पन्न हुने गरी कार्यतालिका निर्धारण गरिएको छ। विकास निर्माणका कार्यहरूमा ढिलासुस्ती, लागत वृद्धि तथा गुणस्तरहीनताको अवस्था अन्त्य गर्दै निर्धारित समय, लागत र गुणस्तरभित्रै आयोजना सम्पन्न गर्ने कार्यसंस्कृतिको विकास गरिनेछ।

साथै, योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ। विकास प्रक्रियामा जनसहभागिता, पारदर्शिता, वित्तीय अनुशासन र जवाफदेहितालाई संस्थागत गर्दै सुशासनका आधारभूत मूल्य र मान्यतालाई व्यवहारमा रूपान्तरण गरिनेछ।

यसरी स्पष्ट कार्ययोजना, समयबद्ध कार्यान्वयन, प्रभावकारी अनुगमन तथा उत्तरदायी व्यवस्थापनमार्फत प्रस्तुत बजेट तथा कार्यक्रमले अपेक्षित उपलब्धि हासिल गरी समृद्ध, सुशासित र आत्मनिर्भर नौगाड निर्माणको आधार तयार गर्नेछ भन्ने दृढ विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय**

पुँजीगत क्षेत्रको विनियोजन बजेट समयमा नै खर्च हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउन सम्बन्धित सबै शाखाहरूलाई जिम्मेवार बनाइने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने र निर्माणमा गुणस्तर कायम गर्न निर्माण व्यवसायी, श्रम सहकारी, उपभोक्ता समिति, विभिन्न निकायमा गठित व्यवस्थापन समिति तथा सरोकारवाला सबैलाई जिम्मेवार र गाउँपालिका प्रति पूर्ण जबाफदेही बनाइनेछ ।

**सभाध्यक्ष महोदय**

यस बजेटको कार्यान्वयनबाट नौगाड गाउँपालिकाको सुशासन विकास र सेवाप्रवाह प्रभावकारी हुन गइ यस क्षेत्रका नागरिकहरूको जीवनस्तरमा सुधार आउने अपेक्षा लिएको छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरू कार्यपालिकाका सदस्यज्यूहरू र अन्य सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू ज्यूहरू, विभिन्न विषयका विज्ञहरू सामाजिक अभियन्ताहरू र गाउँ कार्यपालिकाका शाखा प्रमुख लगायत अन्य कर्मचारीहरू मा हार्दिक आभार प्रकट गर्दछु। साथै बजेट तथा कार्यक्रम तर्जुमामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख र योजना तथा अनुगमन शाखा प्रमुख ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तुत बजेटले नौगाड गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास, सुशासन, सेवा प्रवाह तथा समग्र समृद्धिको यात्रामा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। प्रस्तुत बजेट तथा कार्यक्रममार्फत स्थानीय नागरिकको जीवनस्तरमा सुधार, रोजगारी तथा उद्यमशीलताको प्रवर्द्धन, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको विस्तार, कृषि उत्पादन वृद्धि तथा दिगो विकासका लक्ष्य हासिल गर्न थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

यस बजेटको प्रभावकारी, पारदर्शी तथा सफल कार्यान्वयनका लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, शिक्षक, बुद्धिजीवी, समाजसेवी, नागरिक समाज, उपभोक्ता समिति तथा संस्थाका पदाधिकारीहरू, सञ्चारकर्मी तथा पत्रकार मित्रहरू, साथै नौगाड गाउँपालिकाका सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा रचनात्मक सहयोग, समन्वय, सहभागिता र अपनत्वका साथ अघि बढ्न हार्दिक आह्वान गर्दछु।

"समृद्ध नौगाड, सुखी नौगाडबासी" निर्माणको साझा अभियानमा सबै पक्षको एकता, सहकार्य र प्रतिबद्धताबाट मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिने विश्वास व्यक्त गर्दै यहाँहरूको निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा गर्दछु।

**२०८३ असार १०**
**जगत सिंह ठगुन्ना**
**(उपाध्यक्ष)**